# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


**मिति : २०७६।०४।१७**

**प्रेस विज्ञप्ति**

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सदस्य तथा सञ्चारखबर अनलाइनका सम्पादक एवं युटचुव च्यानल युथ अरोमाका सञ्चालक प्रकाशचन्द्र दाहालमाथि भएको सांघातिक आक्रमणको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

आज बागबजारस्थित अनलाइनको कार्यालयमा रहेका पत्रकार दाहालमाथि ४/५ जनाको समुहमा आएका व्यक्तिले 'यही हो' भन्दै हेलमेटलगायतले कुटपिट गरेका थिए । कुटपिटबाट घाइते भएका पत्रकार दाहालको प्रदर्शनीमार्गस्थित मोडेल अस्पतालमा उपचार भइरहेको छ ।

महासंघ पत्रकार दाहालमाथि भएको यो आक्रमणको कडा भर्त्सना गर्दै आक्रमणमा संलग्न व्यक्तिहरुको तत्काल पहिचान गरी कानुनी कारबाही गर्न र पत्रकार र सञ्चार गृहको सुरक्षामा गम्भीर हुन सरकारसँग माग गर्दछ ।

**रमेश विष्ट**
**महासचिव**


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org